CEDB Holdings Limited

ISO 9001:2015 Certified

Ref. No.: CHDC/EL/20/082/83

मिति : २०८२/०४/३०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : चौथो त्रैमासिक विवरण प्रकाशित गरिएको बारे ।

महाशय,

यस सिईडिवि होल्डिङ्गस लिमिटेड (साविक: सिईडिवि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड) को आ.व. २०८१/८२ को चौथो त्रैमासिक वित्तिय विवरण यसै मिति २०८२/०४/३० गतेको कारोबार राष्ट्रिय आर्थिक दैनिकमा प्रकाशित भएको जानकारी गराउँदछौं ।

संलग्न :

१. आ.व. २०८१/८२ को चौथो त्रैमासिक वित्तिय विवरण ।

भवदीय,

.....
काजोल कुन्डु
अधिकृत

CEDB HOLDINGS LIMITED ★ KATHMANDU, NEPAL ★

बोधार्थ
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं ।

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

कारोबार

वर्ष १६, अंक २१० । राष्ट्रिय संस्करण । नेपाल संवत् ११४५ । शुक्रबार, ३० साउन २०८२ । FRIDAY, 15 AUGUST 2025 । पृष्ठ १४ । मूल्य १० रुपैयाँ karobardaily.com

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०८१/८२ को चौथो त्रैमासिक प्रतिवेदन

सिईडिबि होल्डिङ्गस लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, विपुरेश्वर, काठमाडौं,

फोन :०१-४१०११४०

१. वित्तीय विवरण :

क) आ.व. २०८१/८२ को चौथो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तिय अवस्थाको विवरण तथा आय विवरण ।

वित्तिय अवस्थाको विवरण (रकम रु. मा)

विवरण	लेखा परीक्षण नभएको		
	आषाढ मसान्त २०८२ सम्मम	चैत्र मसान्त २०८१ सम्मम	आषाढ मसान्त २०८१ सम्मम
सम्पत्ति			
गैह्र चालु सम्पत्ति			
कार्यालय उपकरण	३,२९५,४४१।५८	२,९५०,११२।८४	१,९३१,६९२।४०
पुँजीगत कार्य प्रगति	४,९८६,८३१।१६	४,९९०,७८१।१६	४,९८६,८३१।१६
लगानी	१,६२९,८६०,४००।००	१,१६९,५१८,५००।००	७२२,५१८,५००।००
जम्मा गैह्र चालु सम्पत्ति	**१,६३८,१४२,६७२।७४**	**१,१७७,४५९,३९४।००**	**७२९,४३७,०२३।५६**
चालु सम्पत्ति			
मुद्दती निक्षेपमा लगानी	५५,६००,०००।००	५५,६००,०००।००	१७५,६००,०००।००
नगद तथा बैंक मौज्दात	६,२८९,२०५।३९	६,१८१,२८९।४२	५,७०८,४९८।७६
अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी	३०१,४४७,७७०।३३	५७८,५३०,९२४।५७	५२२,९२९,३९२।००
आसामी	१४,०७५,३१९।६६	३१,६४५,६१६।५८	१८,१२३,०८४।३५
जम्मा चालु सम्पत्ति	**३७७,४१२,२९५।३८**	**६७१,९५७,८३०।५७**	**७२२,३६०,९७५।११**
जम्मा सम्पत्ति	**२,०१५,५५४,९६८।१२**	**१,८४९,४१७,२२४।५७**	**१,४५१,७९७,९९८।६७**
पूँजी तथा दायित्व			
पूँजी तथा जगेडा कोष			
शेयर पूंजी	१,०३४,२३७,०६१।००	१,०३४,२३७,०६१।००	९३१,७४५,१००।००
जगेडा कोष र संचित नाफा	९६४,४४०,३९०।५५	७४३,९६४,७७।१२	४८२,७५०,३१०।९०
जम्मा पूँजी तथा जगेडा कोष	**१,९९८,६७७,४५१।५५**	**१,७७८,२०१,८३२।१२**	**१,४१४,४९५,४१०।९०**
दायित्व			
गैह्र चालु दायित्व			
दीर्घकालीन बैंक ऋण	-	-	२८१,४५२।८८
चालु दायित्व र व्यवस्था			
व्यापारिक र अन्य दायित्व	२,१६६,३०५।८३	५८,०४७,६२९।९८	२४,८०८,५८५।७८
अन्य व्यवस्थाहरु	१४,७१९,२१०।७४	१३,१६७,७६२।४७	१२,२१२,५४९।११
जम्मा चालु दायित्व तथा व्यवस्थाहरु	**१६,८७७,५१६।५७**	**७१,२१५,३९२।४५**	**३७,०२१,१३४।८९**
जम्मा पूँजी तथा दायित्व	**२,०१५,५५४,९६८।१२**	**१,८४९,४१७,२२४।५७**	**१,४५१,७९७,९९८।६७**

आय विवरण (रकम रु. मा)

विवरण	लेखा परीक्षण नभएको		
	आषाढ मसान्त २०८२ सम्मम	चैत्र मसान्त २०८१ सम्मम	आषाढ मसान्त २०८१ सम्मम
आम्दानी			
सेवा शुल्क, ब्याज तथा अन्य आम्दानी	६०८,४६४,२२५।७१	३८०,९५३,९३८।७२	१३०,२९७,३९३।६८
खर्च			
प्रशासनिक खर्च	(१८,७००,२१७।४३)	(१७,०९९,४०५।६६)	(३६,२९३,०३७।००)
ब्याज खर्च	(५,८६४,६५९।५८)	(२,५८८,९२३।३१)	(६०,३७०।४५)
ह्रासकट्टी	(७८७,५६१।६८)	(१७२,८९०।४२)	(५०८,०४४।०९)
जम्मा खर्च	**(२५,३५२,४३८।६९)**	**(१९,८६१,२१९।३९)**	**(३६,८६१,४५१।५४)**
आयकर अघिको नाफा	**५८३,१११,७८७।०३**	**३६१,०९२,७१९।३३**	**९३,४३५,९४२।१४**
चालु वर्षको आयकर व्यवस्था	**(९,६०९,६४३।३१)**	**(८,०६६,१९५।०४)**	**(११,४१२,५४९।११)**
आयकर कट्टी पछिको नाफा	**५७३,५०२,९४३।७२**	**३५३,०२६,५२४।२८**	**८२,०२३,३९३।०४**
आयकर कट्टी पछिको कुल संचित नाफा/(नोक्सान) (वित्तीय अवस्थाको विवरणमा सारेको)			

नोट:

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुन:वर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

ख) प्रमुख वित्तीय अनुपातहरू सम्बन्धि विवरण निम्नाअनुसार छन् ।

अवधी	प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण)	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	प्रतिशेयर कुल सम्पतीको मुल्य रु.	मुल्य आम्दानी अनुपात
यस त्रैमासिक अन्त्य सम्मम	५५।४५	१९३।२५	२२।३६	१९४।८८	४७।६४

२. व्यवसायिक विश्लेषण:

क) त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:

कम्पनी संग रहेका लगानी योग्य रकम हाललाई मुद्धती खातामा राखिएकोले नगद मौज्दात तथा तरलता बढेको छ ।

ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:

कम्पनीले लगानी गरेको जलविद्युत आयोजनाहरुले विद्युत उत्पादन गरी राष्ट्रिय विद्युत प्रसारणमा विद्युत प्रवाह गर्दै आएका छन । साथै कम्पनीको लगानी रहेको ४५ मे.वा.को कसुवा खोला जलविद्युत आयोजना निर्माणको क्रममा रहेको छ र आगामी तिन वर्षमा निर्माण कार्य सम्पन्न हुने प्रक्षेपण रहेको छ ।

ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:

कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकुल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ ।

३. कानूनी कारबाही सम्बन्धी विवरण:

यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

(क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:

अधिकतम मुल्य रु.	न्युनतम मुल्य रु.	अन्तिम मुल्य रु.	कारोबार भएको कूल दिन	कारोबार संख्या
२,८२९।००	२,४७५।००	२,६४१।९९	६३।००	३६,५९७।००

ख) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:

शेयर बजारले निर्धारण गर्ने यस संस्थाको शेयरको मुल्य र कारोबारमा यस संस्थाको कुनै हस्तक्षेप रहेको छैन ।

५. समस्या तथा चुनौती:

कम्पनीले गरेको सम्पूर्ण लगानीहरु जलविद्युत आयोजनामा रहेकोले जलविद्युत आयोजनासँग सम्बन्धित समस्या, चूनौती र जोखिमहरुले कम्पनीले प्राप्त गर्ने प्रतिफललाई प्रभाव पार्नेछ ।

६. संस्थागत सूशासन:

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमूखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।